
# मादी गाउँपालिका, कास्की

## नवौं गाउँसभामा प्रस्तुत




# आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य

## मादी गाउँपालिका

## गण्डकी प्रदेश, नेपाल

## मिति २०७८/०३/१० गते विहीवार

# उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य

**सभाध्यक्ष ज्यू,**
**गाउँसभा सदस्य ज्यूहरु,**

१. विश्वव्यापी महाभारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को दोस्रो लहरका कारण सिर्जित चुनौतीपूर्ण परिस्थितिका बीच गाउँपालिकाको सम्मानित नवौं गाउँसभाबाट पारित वार्षिक नीति तथा कार्यक्रमलाई मूर्त रुप दिन तथा गाउँपालिकाको प्रथम आवधिक विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न यो वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नेपालको युगान्तकारी परिवर्तनको लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने आदरणीय ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. कोभिड १९ को महामारीबाट अकालमा ज्यान गुमानउनुहुने नेपाली दाजुभाइ तथा दिदीवहीनीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदन व्यक्त गर्दछु । साथै संक्रमित रहनु भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार, गण्डकी प्रदेश सरकार र मादी गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार बनाएको छु ।

५. यो बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न सकेमा गाउँपालिकाले लिएको समृद्ध मादीको दीर्घकालीन लक्ष्य हासिल हुनेमा विश्वस्त छु ।

६. आगामी आर्थिक वर्ष २०७८/०७९ को व्यय अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न पालिकालाई संघ तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीको परिचालन गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

७. आगामी आ.व.२०७८/०७९ को लागि बजेट तर्जुमा गर्दा विगत वर्ष देखि निर्माण शुरु भएका, स्वास्थ्य तथा विद्यालय भवन, भौतिक पूर्वाधार निर्माणको कार्यलाई पूर्णता दिने गरी बजेट विनियोजन गरेको छु । साथै एक घर एक धारा खानेपानी कार्यक्रमलाई पूर्णता दिने, टोल टोल

र बस्ती बस्तीमा विद्युतीकरण तथा सडकको पहुँच विस्तार गर्ने, कृषि उत्पादन र वजारीकरणको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा सवैको पहुँच स्थापित गर्ने, सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पारदर्शिता र जवाफदेहिता कायम गर्दै सुशासनको अनुभूति दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरेको छु ।

८. संघीय सरकारबाट प्राप्त सर्शत अनुदान, विशेष अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा नै खर्च हुने व्यवस्था मिलाएको छ ।

**सभाध्यक्ष ज्यू,**

९. अब, म चालु आ.व. २०७७/०७८ को पहिलो ११ महिनाको पालिकाको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दछु

- चालु आर्थिक वर्षको बजेट स्वीकृत गर्दा प्रस्तावित आय अनुमान रु. ६० करोड ६४ लाख ७३ हजार ९ सय ६४ रहेकोमा । हालसम्म आय तर्फ ४३ करोड ३८ लाख ३० हजार ८ सय ९३ रुपैया ४९ पैसा गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।
- चालु खर्च तर्फ ३८ करोड ३९ लाख ४३ हजार ८ सय २५ रुपैयाँ व्यय अनुमान गरिएकोमा हालसम्म रु. २२ करोड १६ लाख २८ हजार ७८६ रुपैयाँ ९८ पैसा (५७.४५ प्रतिशत) खर्च भएको छ ।
- पूँजीगत खर्च तर्फ २२ करोड २५ लाख ३० हजार १ सय ३९ रुपैयाँ विनियोजन भएकोमा हालसम्म ५ करोड १५ लाख ६२ हजार ८ सय ६४ रुपैयाँ (२३.१७ प्रतिशत) खर्च भएको छ । हाल सम्मको चालु र पूँजीगत खर्च ४४.९ प्रतिशत रहेको छ ।
- प्रकोप व्यवस्थापन कोषमा १ करोड ३९ लाख ५९ हजार ५ सय ५२ रुपैयाँ ९० पैसा आम्दानी गरिएकोमा हालसम्म ४४ लाख ३५ हजार ८ सय ७१ रुपैयाँ खर्च भएको छ ।

**सभाध्यक्ष ज्यू,**

१०. अब, आगामी आ.व. २०७८/०७९ को बजेटका देहाय बमोजिमका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

**<u>उद्देश्यहरु :</u>**

- कोभिड-१९ महामारी नियन्त्रण तथा व्यवस्थापन गरी नागरिकको जनजीवन सामान्यीकरण गर्ने ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी पालिकाको आवधिक विकास योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्ने ।
- आर्थिक, सामाजिक, साँस्कृतिक तथा मानवीय विकासमा जोड दिने ।
- भौतिक पूर्वाधार विकास निर्माणलाई पूर्णता दिने ।
- यातायातको पहुँच विस्तार गरी कृषि उपजको वजारीकरणमा टेवा पुऱ्याउने ।
- कृषि तथा पशु पालन, घरेलु उद्योग व्यवसायको माध्यमबाट रोजगारी सिर्जना गर्ने ।।
- संघीयता कार्यान्वयनको लागि स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी बनाउने ।

**प्राथमिकताहरु :**

- कोभिड १९ को महामारी नियन्त्रण तथा व्यवस्थापन गरी, कोभिडका कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका पालिकाबासी नागरिकलाई रोजगारीका अवसरको सिर्जना गर्ने ।
- कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- स्वरोजगार कार्यक्रम मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने ।
- भौतिक पूर्वाधार विकासमा जोड दिंदै अधुरा तथा क्रमागत आयोजना सम्पन्न गर्ने ।
- महिला सशक्तीकरण तथा आय आर्जन सम्बन्धी कार्यक्रम मार्फत समाजिक रुपान्तरणमा सहयोग गर्ने
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, जनजाति तथा अल्पसंख्यकको उत्थान हुने कार्यक्रम संचालन गर्ने ।
- शिक्षा, स्वास्थ्य, खानेपानी संस्कृति प्रबर्द्धन जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र प्रविधिमैत्री बनाउने ।
- फोहोर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्ने ।

सभाध्यक्ष ज्यू,

११. अब, म आगामी आ.व. २०७८/०७९ को लागि श्रोत अनुमान तथा वजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको शीर्षकगत आय विवरण प्रस्तुत गर्न चाहन्छु ।

- संघीय सकार वित्तीय समानीकरण रु. ९ करोड ३ लाख
- संघीय सरकार सर्शत अनुदान रु. २५ करोड १३ लाख
- संघीय सरकार विशेष अनुदान रु. १ करोड २० लाख
- संघीय सरकार राजश्व बाँडफाँड रु . ८ करोड २८ लाख ४७ हजार
- प्रदेश सरकार वित्तीय समानीकरण रु . ९९ लाख २० हजार
- प्रदेश सरकार राजश्व बाँडफाँड रु . ६७ लाख ६८ हजार
- पि.एल.जी.एस.पि. तथा अन्य सर्शत अनुदान चालु कार्यक्रम रु. ४ लाख
- आन्तरिक आय तथा रोयल्टी अल्या समेत रु. १० करोड ६९ लाख ४८ हजार ५ सय

१२. चालु आ.व.को प्रस्तावित अनुमान (सामाजिक सुरक्षा रु. १० करोड ९७ लाख र स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमको रु. १ करोड ५० लाख बाहेक) रु. ५३ करोड २७ लाख ७२ हजार ५ सय ४८ रुपैयाँ पेश गरिएकोमा संशोधित आय अनुमान ५९ करोड ५८ लाख २२ हजार ३ सय ३३ रुपैयाँ रहेको छ । आगामी आ.व. २०७८/०७९ मा ५६ करोड ४ लाख ८३ हजार ५ सय रुपैयाँ प्रस्ताव गरिएको छ, जुन चालु आ.व. को प्रस्तावित अनुमानभन्दा ५.२० प्रतिशतले बढी हुन आउँछ ।

१३. अब, म क्षेत्रगत रुपमा आ.व. २०७८/०७९ को बजेट प्रस्तुत गर्न चाहन्छु ।

- **आर्थिक विकास तर्फ रु . ३ करोड ३ लाख २५ हजार**
- **सामाजिक विकास तर्फ रु . २९ करोड ४० लाख २० हजार**
- **पूर्वाधार विकास तर्फ रु. १० करोड ६८ लाख ९० हजार**
- **वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. १ करोड १३ लाख ३० हजार**
- **सुशासन तथा संस्थागत विकास तर्फ रु. ११ करोड ७९ लाख १८ हजार ५ सय**

**श्रद्धेय सभाध्यक्ष ज्यू,**
**सभा सदस्य ज्यूहरु,**
अब, म देहाय बमोजिम क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

१४. **आर्थिक विकास :** आर्थिक विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. ३ करोड ३ लाख २५ हजार प्रस्ताव गरेको छु :

- अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रमको लागि रु. ५० लाख विनियोजन गरेको छु ।
- कृषि पशु औजार उपकरण तथा कृषि सामग्रीमा अनुदानकोलागि रु. ६६ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका स्तरीय नर्सरी स्थापना गरी विउ विरुवामा गाउँपालिकालाई आत्मनिर्भर बनाउन रु. १० लाख बजेट विनियोजन गरेको छु ।
- पर्यटन उद्योगको विकास गरी आन्तरिक आय वृद्धि गर्न सवै खाले तालिम तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमको लागि बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न आयमूलक कार्यक्रमहरु संचालन गरी रोजगारी सिर्जना गर्न रु. १० लाख खर्च हुने व्यवस्था मिलाएको छु ।
- शर्सत अनुदान अर्न्तगत प्राप्त रु १ करोड ६४ लाख सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु ।

१५. **<u>सामाजिक विकास :</u>** सामाजिक विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. २९ करोड ४० लाख २० हजार प्रस्ताव गरेको छु :

- महिला उत्थान, जनचेतना विकास, आयआर्जन, बालबालिकाको हक हितको संरक्षण, अपाङ्गता भएका व्यक्तिको स्याहार सुसार प्रोत्साहन भत्ता, सुत्केरी भेटघाट कार्यक्रमलाई उपाध्यक्षसंग महिला कार्यक्रमसंग आवद्ध गरी खर्च गर्ने व्यवस्था मिलाएको छु ।
- स्वास्थ्य पूर्वाधार निर्माण सुधारको लागि रु. ३६ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- एक घर एक धारा खानेपानी योजना निर्माण, खानेपानी पूर्वाधार सुधारको लागि रु. ४३ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।
- दरबन्दीमा रहेका प्रारम्भिक वालविकास केन्द्र तथा विद्यालय कर्मचारीको थप तलवको लागि रु. ८७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहनको लागि थप बजेट विनियोजन गरेको छु ।
- मेला पर्व तथा संस्कृति संरक्षण तथा प्रवर्द्धनको लागि बजेटको व्यवस्था मिलाएको छु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी पूर्वाधार निर्माणमा प्राप्त हुने सर्शत र विशेष अनुदानको रु. २३ करोड ९९ लाख सोही वमोजिम खर्च हुने गरी प्रस्ताव गरेको छु ।

१६. **पूर्वाधार विकास :** पूर्वाधार विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १० करोड ६८ लाख ९० हजार प्रस्ताव गरेको छु :

- सबै टोल बस्तीमा यातायातको पहुँच सुनिश्चितता, रणनीतिक सडकको विस्तार, सडक मर्मत सुधार गर्ने कार्यको लागि रु. ३ करोड ६८ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।
- संघ तथा गण्डकी प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न संघ संस्था, दातृ निकायसंग समपूरक, साझेदारीमा पूर्वाधार विकास तथा मर्मत सुधारका लागि रु. ४ करोड ३५ लाख बजेट विनियोजन गरेको छु ।
- सामुदायिक भवन निर्माण र अन्य भवन संरचना निर्माण तथा मर्मतका लागि रु २ करोड ५५ लाख विनियोजन गरेको छु ।
- विद्युत पहुँच नपुगेका घरमा विद्युत लाइन विस्तार गर्ने तथा विद्युत लाइन सुधार गर्ने कार्यको लागि रु. २१ लाख बजेट व्यवस्था मिलाएको छु ।
- सर्शत अनुदान तर्फ प्राप्त झोलुङ्गे पुल निर्माण, वैकल्पिक उर्जा प्रवर्द्धनको लागि रु. ७० लाख बजेट सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु ।

१७. **सुशासन तथा संस्थागत विकास :** सुशासन तथा संस्थागत विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. ११ करोड ६९ लाख १८ हजार ५ सय प्रस्ताव गरेको छु :

- कार्यालयबाट प्रदान हुने नियमित सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी, जनमैत्री बनाई कार्यसंचालनमा प्रभावकारिता ल्याउने गरी चालु खर्च तर्फ रु. १० करोड ५५ लाख ३८ हजार ५ सय र पूँजीगत तर्फ रु. १ करोड २३ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।
- सुशासन तथा परदर्शिता कायम गर्न सार्वजानिक सुनुवाई, सार्वजानिक परीक्षण, योजनाको प्रभाव असर मूल्यांकन, परामर्श सेवा, कानुन निर्माण, सूचना तथा सञ्चार जस्ता शीर्षकमा खर्च गर्न बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाई कार्य सम्पादनमा उत्कृष्टता हासिल गर्न मासिक रु २ हजार प्रोत्साहन भत्ता उपलब्ध गराउन बजेट विनियोजन गरेको छु

- स्थानीय तहको लागि लोकसेवा आयोगबाट सिफारिसमा स्थायी नियुक्ति लिई यस पालिकामा कार्यरत कर्मचारीको योगदानमा आधारित कोष कट्टीका लागि गाउँपालिकाबाट ६ प्रतिशत र सम्बन्धित कर्मचारीबाट ६ प्रतिशत कट्टा गरी जम्मा हुने व्यवस्था मिलाएको छु ।
- साविकका स्थानीय निकायमा स्थायी वा अस्थायी नियुक्ति लिई निरन्तर रुपमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित कर्मचारी कल्याण कोष खडा गरी कार्यक्रममा आवद्ध गराउने गरी बजेट विनियोजन गरेको छु, ।
- संघीय सरकारको नीति बमोजिम गाउँपालिका अर्न्तगत कार्यरत कर्मचारीलाई १० दिन बराबरको तलब सहितको पर्यटन काज उपलब्ध गराउन बजेटको व्यवस्था मिलाएको छु ।
- नागरिकसँग प्रत्यक्ष र नियमित सम्पर्क स्थापित गर्न वडा सचिवलाई मोवाईल सेट र पोष्टपेड सिमकार्ड  उपलब्ध गराउन बजेट विनियोजन गरेको छु ।
- सूचना प्रविधि अधिकृत, एम.आइ.एस. अपरेटर, फिल्ड सहायक, कृषि तथा पशु प्राविधिक कर्मचारीको पारिश्रमिकमा पालिकाबाट समेत सहभागिता हुने गरी बजेट विनियोजन गरेको छु ।

१८. **<u>वन वातावरण तथा विपद् व्यवस्थापन :</u>** वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १ करोड १३ लाख ३० हजार बजेट प्रस्ताव गरेको छु :

- कोरोना भाइरस (कोभिड १९) को प्रकोप रोकथाम, नियन्त्रण तथा व्यवस्थापन र अन्य सवै प्रकारका विपद् व्यवस्थापन कार्यमा खर्च गर्ने गरी प्रकोप व्यवस्थापन कोषमा रु ५० लाख बजेट विनियोजन गरेको छु ।
- विपद् व्यवस्थापन सम्वन्धी अभिमूखीकरण, भू-क्षय नियन्त्रण, नदी कटान नियन्त्रण र तटबन्ध जस्ता कार्यको लागि रु. २७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- मनसुनजन्य प्रकोप प्रभावितहरुको निजी आवास निर्माणमा साझेदारी गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु ।
- सरसरफाई तथा वातावरण संरक्षण क्षेत्रमा खर्च हुने गरी रु. १५ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

१९. चालु आ.व. २०७७/०७८ मा गाउँपालिका भित्र शुरु भइ सम्पन्न गर्न नसकेका स्वीकृत आयोजनालाई आगामी आ.व. २०७८/०७९ मा क्रमागतमा राखी संचालन हुने व्यवस्था मिलाएको छु ।

२०. आगामी आर्थिक वर्ष २०७८/०७९को अनुमानित आय-व्यय विवरण र विभिन्न विषयगत क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावित समग्र योजना तथा कार्यक्रम र बजेट शीर्षकगत रुपमा छुट्टै विवरण पेश गरेको छु ।

२१. आगामी आर्थिक वर्ष २०७८/०७९ को आर्थिक विधेयक, २०७८ र विनियोजन विधेयक, २०७८ यसै साथ प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

२२. अन्त्यमा, बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्ष ज्यू, आदरणीय सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत राष्ट्र सेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, पत्रकार, सुरक्षाकर्मीबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिकाबासी दाजुभाइ तथा दिदीबहिनी, जनप्रतिनिधि, स्थानीय राजनितिक दल, नागरिक समाज, निर्माण व्यवसायी, उपभोक्ता समिति, राष्ट्रसेवक कर्मचारी तथा आम सरोकारवाला सबैको साथ, सहयोग र समर्थन रहने अपेक्षा गरेको छु । विगतका वर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालीन विकास योजना, क्षेत्रगत नीति, रणनीति एवम् आगामी आ.व.को लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाको भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, साँस्कृतिक एवं मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरुबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत वजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावहरुको अपेक्षा सहित, हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।

विष्णुमाया आचार्य पौडेल

उपाध्यक्ष